# प्रदेश सरकार, बागमती प्रदेश, मन्त्रिपरिषद् निर्णय

**सम्वत् २०७७ साल श्रावण २१ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय —**

| सि.नं. | मन्त्रालय | निर्णय |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश सरकारको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्न तयार गरिएको प्रतिवेदनलाई मन्त्रिपरिषद् समक्ष पेश गर्न निम्न बमोजिमको एक उच्चस्तरीय समिति गठन गर्ने।<br>प्रदेश सरकारको प्रशासनिक संरचना निर्धारण उच्चस्तरीय समिति:<br>मन्त्री, आन्तरिक मामिला तथा कानून मन्त्रालय — संयोजक<br>अध्यक्ष, प्रदेश लोक सेवा आयोग — सदस्य<br>प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय — सदस्य<br>सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय — सदस्य<br>सचिव(प्रशासन), मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय — सदस्य सचिव |
| २. | आन्तरिक मामिला तथा कानून मन्त्रालय | देश सञ्चार माध्यम व्यवस्थापन (पहिलो संशोधन) नियमावली, २०७७ स्वीकृत गर्ने। |
| ३. | आन्तरिक मामिला तथा कानून मन्त्रालय | सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण भई स्थायी सङ्गठन संरचना तथा दरबन्दी स्वीकृत नभएसम्म आ.व. २०७७/०७८ का लागि श्रावण १ गते देखि नै लागू हुने गरी सञ्चार रजिष्ट्रारको कार्यालयको अस्थायी सङ्गठन संरचना र दरबन्दी स्वीकृत गर्ने । |
| ४. | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | प्रदेश दुग्ध विकास बोर्ड (पहिलो संशोधन) विनियमावली, २०७७ स्वीकृत गर्ने। |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।

**सम्वत् २०७७ साल श्रावण १४ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय —**

| सि.नं. | मन्त्रालय | निर्णय |
|---|---|---|
| १. | सामाजिक विकास मन्त्रालय | प्रदेश बालबालिका सम्बन्धी ऐन, २०७६ को दफा ४३ को उपदफा (२) को खण्ड (च) बमोजिमको सदस्यमा हेटौंडा-२, मकवानपुरका श्री झविन्द्र प्रसाद ज्ञावाली र सोही ऐनको दफा ४३ को उपदफा (२) को खण्ड (छ) बमोजिमको सदस्यहरूमा क्रमशः गोकर्णेश्वर-६, काठमाडौंका श्री शान्ति श्रेष्ठ, इन्द्रावती-४, सिन्धुपाल्चोकका श्री मीना थापा, चैनपुर-३, चितवनका श्री लक्ष्मी ढकाल र हेटौंडा-४, मकवानपुरका शान्ता बराललाई चार वर्षका लागि प्रदेश बाल अधिकार समितिको सदस्यको रूपमा मनोनयन गर्ने। |
| २. | सामाजिक विकास मन्त्रालय | प्रदेश युवा परिषद् नियमावली, २०७७ स्वीकृत गर्ने। |
| ३. | सामाजिक विकास मन्त्रालय | डा. विश्वराज जोशी, काठमाडौंलाई मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा ४ वर्षको लागि उपकुलपति पदमा नियुक्त गर्ने। |
| ४. | सामाजिक विकास मन्त्रालय | जनवादी गणतन्त्र चीन सरकारको स्वशासित क्षेत्र तिब्बत सरकारले प्रदान गर्ने वैदेशिक सहयोग सामाग्रीहरू स्वीकार गर्न र ती सामाग्रीहरूको भन्सार छुटको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने। |

**सम्वत् २०७७ साल श्रावण ८ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय –**

| सि.नं. | मन्त्रालय | निर्णय |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश सभाको छैठौं अधिवेशन अन्त्य गर्न माननीय प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने। |